स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित रियालिटी शो 'बिग बोस १९' अहिले अन्तिम चरणमा छ। शोका होस्ट सलमान खानले विजेताको नाम घोषणा गर्नेछन्। दर्शकहरु त्यो पलको प्रतीक्षामा छन्। शोको ट्रफीका लागि शीर्ष ५ जना प्रतिस्पर्धीहरुबिच कडा प्रतिस्पर्धा हुनेछ। सामाजिक सञ्जालमा अहिले फिनालेलाई लिएर फ्यानहरुमाझ ठुलो चर्चा परिचर्चा छ। समाचारका अनुसार 'बिग बोस १९' को ग्रान्ड फिनाले ७ डिसेम्बर, २०२५ हुनेछ।

**आजको विचार...**



डिजिटल... *(दुई पेजमा)*

अमृता लम्साल



अभिनय र मोडलिङपछि पल शाह अब समाजसेवामा सक्रिय भएका छन्। उनले सामाजिक संस्था 'हामी छौं फाउन्डेसन' स्थापना गरेका छन्। दुर्गम तथा सेवामा पहुँच नपुगेका जिल्लामा शिक्षा, स्वास्थ्य तथा समुदायका विभिन्न कल्याणकारी कार्यमा सक्रिय हुने संस्थाको उक्त रहेको शाहले जनाएका छन्। हरेक वर्ष नि:शुल्क स्वास्थ्य शिविर आयोजना गर्ने, आर्थिकरुपमा कमजोर तथा बञ्चित परिवारका विद्यार्थीको लागि छात्रवृत्ति कार्यक्रम संचालन र सहयोग गर्ने, विपद् व्यवस्थापनमा तत्काल राहत तथा सहयोग उपलब्ध गराउने घोषणा गरिएको छ।

❒ वर्ष ३१ अंक १३१ ❒ २०८२ मंसिर २२ गते सोमबार 8 December 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भीषण आगलागी २५ को मृत्यु

(रासस/एएफपी)

**मुम्बई,** मङ्सिर २१/भारतको लोकप्रिय पर्यटक गन्तव्य गोवामा अवस्थित एक नाइटक्लबमा लागेको भीषण आगलागीमा २५ जनाको मृत्यु भएको राज्यका मुख्यमन्त्री प्रमोद सावन्तले आइतबार पुष्टि गरेका छन् । तटीय राज्यको उत्तरी क्षेत्र अर्पोरामा मध्यराततिर सुरु भएको आगलागीमा ज्यान गुमाउनेहरूमा केही पर्यटक पनि परेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले विज्ञप्ति जारी गर्दै यस दु:खद घटनाप्रति गहिरो शोक व्यक्त गरेका छन् । अरब सागरको किनारमा रहेको पूर्व पोर्चुगाली उपनिवेश गोवा आफ्नो जीवन्त रात्रि जीवन, सुनौला बालुवामय समुद्र किनार तथा शान्त तटीय वातावरणका कारण वार्षिक रूपमा लाखौं पर्यटकको आकर्षण केन्द्र बनेको छ । "आज हामी सबैका लागि अत्यन्त पीडादायी दिन हो", मुख्यमन्त्री सावन्तले विज्ञप्तिमा उल्लेख गरेका छन्, "२५ जनाले ज्यान गुमाएका छन् र छ जना घाइते भएको छ ।" उनले पत्रकारहरूसँग कुरा गर्दै मृतकमध्ये 'तीनदेखि चार' जना पर्यटक रहेको बताए, यद्यपि राष्ट्रियता खुलाइएको छैन ।

# लैङ्गिक हिंसा अन्त्य गर्ने बाटोमा स्थानीय तह

## महिला वर्गमा पुर्‍याउँदै सचेतना

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर २१/लैङ्गिक हिंसाका विषयमा धेरै लामो समयदेखि बहस, छलफल र यसको अन्त्यका लागि विभिन्न निकायबाट पहल-पैरवी हुँदै आए पनि महिला भएकै कारण हुने हिंसाले निरन्तरता पाइरहेकै छ । हिंसाको तथ्यांक बढ्दो छ । यो समस्या अन्त्य गर्न पाल्पाका केही स्थानीय तहहरुले भने सचेतना अभियानको बाटो अवलम्वन गरेका छन् ।

यहाँका बगनासकाली गाउँपालिका र रामपुर नगरपालिकाले लैङ्गिक हिंसा अन्त्य गर्न महिला वर्गमा सचेतनाका कार्यक्रम अगाडि बढाएका छन् । बगनासकाली गाउँपालिकाले महिला शिक्षक, सञ्चारकर्मी, तथा कर्मचारीहरु बिच प्रविधिको सही प्रयोगबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतना सम्बन्धी अन्तर्क्रिया गरेको छ । पालिकाले विद्यालयका महिला शिक्षकमार्फत बालबालिका हुँदै परिवार तथा समुदायमा सचेतना





फैलाउन कार्यक्रम गरेको हो । समुदायमा बढ्दो लैङ्गिक हिंसा, घरेलु हिंसा, मानसिक पीडा, साइबर हिंसा तथा प्रविधिको दुरुपयोगका घटनाहरूलाई न्यूनीकरण गर्न अन्तर्क्रियामार्फत पालिकाले विद्यालयका महिला शिक्षकहरूलाई परिचालित गरेको छ । महिला शिक्षकहरुसँगको अन्तर्क्रियामा बगनासकाली गाउँपालिकाका अध्यक्षले सरस्वती दर्लामी चिदीले समाजमा अझै पनि महिला र बालिकाहरू विभिन्न स्वरूपको हिंसाको शिकार भइरहेको उल्लेख गर्दै लैङ्गिक समानता कायम गर्न सबैको सक्रिय भूमिका आवश्यक रहेको बताईन् । उनले भनिन् "लैङ्गिक हिंसा अन्त्य गर्न कानुनले मात्र पर्याप्त हुँदैन, सामाजिक सोच परिवर्तन गर्न जरुरी छ, अहिलेको समयमा महिला शिक्षकहरू नै समाज परिवर्तनका वाहक हुन् ।" अहिले पुराना, परम्परागत शैलीमा हुने लैङ्गिक हिंसा न्युनिकरण भएको छ तर प्रविधिमा आधारित रहेर हिंसाका घटनाहरु बढ्दै गएका छन, जसलाई न्युनिकरणको लागि परिवार र समुदायसँग जोडिएको सबैभन्दा नजिक महिला शिक्षक भएकाले सोही विषयमा केन्द्रित गरेर नै पालिकाले कार्यक्रमको डिजाईन गरेको पालिका उपाध्यक्ष हरि प्रसाद पाठकले बताए । उनले संविधानमै महिलाको अधिकारका विषय सुनिश्चितता भएकाले परम्परागत लैङ्गिक हिंसाका घटना कम भएको बताए । कार्यक्रममा महिला शिक्षकहरूले विद्यालय तथा समुदायमा देखिएका विभिन्न हिंसाका घटनाहरूको बारेमा जानकारी गराउँदै परिवारमा अझै पनि पुरुषबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा हिंसाका घटना हुने गरेको बताए । घर परिवारमै जन्मिने वित्तिकै छोरा छोरीबिच हुने विभेद, फरक काम र व्यबहार, छोरीलाई कमजोर, छोरालाई बलवान बनाउने व्यबहारबाट लैङ्गिक हिंसा शुरु हुने शिक्षकहरुले जोड दिए । अझै पनि समाजमा छोरा छोरीमा पढाईमा विभेद, घरायसी कामको भारी, बालविवाह, यौन दुर्व्यवहार, गालीगलौज तथा मानसिक दबाबका घटना विद्यमान रहेको महिला शिक्षकहरुले गुनासो गरे ।*-बाँकी अन्तिम पेजमा...*

# नेल्टा प्रदेश सम्मेलन तानसेनमा



**तानसेन,** मंसिर २१/नेपाल अंग्रेजी भाषा शिक्षक संघ (नेल्टा)को प्रदेश सम्मेलन तानसेनमा भएको छ । नेल्टा लुम्बिनी प्रदेशको आयोजनामा ८ औं नेल्टा लुम्बिनी अंग्रेजी भाषा शिक्षण सम्मेलन भएको हो ।

सम्मेलनमा पाल्पा, गुल्मी, अर्घाखाँची, रुपन्देही, नवलपरासी, कपिलवस्तु, प्युठान, बाँके जिल्लाका ११८ जना शिक्षकहरु सहभागी रहेका थिए । अंग्रेजी भाषा शिक्षणमा एआई र मानव सिर्जनाको समन्वय आदर्श वाक्य राखेर आयोजना गरिएको सम्मेलनमा मुख्य वक्ता नेल्टाका लुम्बिनी प्रदेश अध्यक्ष गोपाल प्रसाद बस्यालले एआईको उपयोग मानवीय सिर्जनासँग सन्तुलित तरिकाले गर्नुपर्नेमा जोड दिए । अर्को मुख्यवक्ता नेल्टाका वरिष्ठ उपाध्यक्ष होम राज खड्काले एआईले मानिसलाई पेशागत कार्यसम्पादनमा सहयोग गर्ने भएकाले एउटा सहयोगी यन्त्रका रुपमा उपयोग गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा पाँचवटा समसामयिक सत्रहरू सञ्चालन गरिएका थिए । ती सत्रहरुमा जनता माध्यमिक विद्यालयका प्रधानाध्यापमक हरि प्रसाद घिमिरेले साना विद्यार्थीहरुमा प्रश्नोत्तर विधिको प्रयोग गरी विभिन्न धारणा विकास गर्न सिकाउन सकिने उदाहरणसहित अनुभव सुनाए । अर्को प्रस्तोता नेल्टा पाल्पाका कोषाध्यक्ष खगेन्द्र बस्यालले अंग्रेजी शुद्धोच्चारणमा एआई र मानवविचको सहकार्य प्रयोगसम्बन्धी धारणा राखे । पाल्पा एक्सेस कार्यक्रमका सहजकर्ताहरु विनोद भट्टराई, सीता रास्कोटी मगर र मीरा ज्ञवालीले कार्यक्रममा प्रयोग भएका असल अभ्यासहरु प्रस्तुत गरे भने नेल्टा अर्घाखाँचीका अध्यक्ष बोमबहादुर खत्रीले अंग्रेजी भाषा शिक्षणमा एआईको प्रयोगसम्बन्धी प्रयोगात्मक अनुभव प्रस्तुत गरे । नेल्टा नवलपरासीका हिमा न्योपानेले आफ्नो अमेरिकी सिकाइ अवसरका अनुभवहरु प्रस्तुत गरेका थिए ।*-बाँकी अन्तिम पेजमा...*

# तानसेनमा राष्ट्रपति रनिङ शिल्ड : ४ विधाका ६६ खेलमा प्रतिष्पर्धा हुँदै

**भरत शर्मा**

**पाल्पा,** मंसिर २१/जिल्लाको तानसेनमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ । तानसेनस्थित टुँडिखेल मैदानमा आइतबारदेखि सातौं नगरस्तरीय अन्तर विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगितामा नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत गरी २६ विद्यालयका ८ सय ५० खेलाडीले सहभागिता जनाएका छन् । एथ्लेटिक्स, भलिबल, कबड्डी र मार्सल आर्ट विधाका ६६ खेलमा छात्रछात्राहरुले प्रतिष्पर्धा गर्ने तानसेन नगरपालिका शिक्षा शाखा प्रमुख कोपिला न्यौपानेले बताईन् । प्रतियोगिताको लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगर (बसन्त) ले उद्घाटन गरेका हुन् । प्रतियोतिाको उद्घाटन गर्दै उनले खेलकुद स्वस्थ जीवनयापनका साथै अनुसाशनमा रहन र आफ्नो प्रतिभा देखाउने माध्यम रहेको बताए । सभामुख घर्तीले विद्यालयस्तरमा नै खेलकुदलाई महत्व दिन विद्यालयका प्रधानाध्यापकलाई आग्रह गर्दै प्रदेश सरकारबाट खेलकुदका लागि आवश्यक बजेट विनियोजन हुँदै आएको





उल्लेख गरे । सभामुख घर्तीले राष्ट्रलाई चिनाउने माध्यम खेलकुद भएकाले राजनीतिकर्मी, कर्मचारी, खेलप्रेमी, खेलाडी सबैले आ-आफ्नो क्षेत्रबाट इमान्दार भएर काम गर्नुपर्ने बताए । नगर प्रमुख सन्तोषलाल श्रेष्ठले पाल्पा विगतमा खेलकुद क्षेत्रमा ख्याति कमाएको जिल्ला भएकाले यसलाई स्थानीय सरकारले प्राथमिकताका साथ हरेक वर्ष बजेट विनियोजन गर्दै आएको बताए । उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले खेलाडीहरु राष्ट्रका गहना भएकाले उनीहरुको प्रतिभाको मूल्याङ्कन गरि उचित वातावरण र अवसर दिनु पर्ने बताइन् । कार्यक्रममा नेपाल शिक्षक युनियनका अध्यक्ष कृष्ण बहादुर थापाले विद्यालय स्तरबाट खेल क्षेत्रलाई महत्व दिन सकेमा राम्रा खेलाडी उत्पादन हुने बताए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमल राज तिमिल्सेनाले विगतमा पाल्पाबाट राष्ट्रिय खेलाडी बन्न सफल हुँदै आएकोमा अब पनि राष्ट्रिय खेलाडी उत्पादन गर्न खेलाडीलाई हौसला र प्रेरणा दिनु पर्नेमा जोड दिए । प्रतियोगिता अन्तर्गत आज भएको ३००० मिटर दौडमा छात्रतर्फ जनता माविका प्रवेश खड्का प्रथम, महेन्द्र बोधीका सरोज पाण्डे दोस्रा र न्यु होराइजनका लाल पति थापा तृतिय भएका छन् ।

यस्तै छात्रातर्फ जनता माविकी सुस्मिता जिसि प्रथम, शारदा माविकी रिया विक दोस्रो, सेनमा माविकी सोनिया घर्ती तृतिय भएका छन् ।प्रतियोगिता आज सोमबारसम्म सञ्चालन हुने खेल संयोजक पुर्णराज शाक्यले बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## महिनावारी दिवसको सार्थकता

अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस आज विभिन्न सचेतनामूलक कार्यक्रम गरी नेपालमा पनि मनाइँदै छ । हरेक डिसेम्बर ८ मा यो दिवस मनाउने गरिन्छ । महिनावारीका कारण किशोरी/महिलामाथि गरिने विभेद, लाञ्छनाहरु रोक्न यो दिवस महत्वपूर्ण हुने भए पनि त्यसो हुन सकेको छैन । केही ठाउँहरुमा अझै पनि महिनावारी भएका बेला महिलाहरूलाई छाउगोठमा बस्नुपर्ने बाध्यता मात्रै छैन विभेद समेत सहनुपरेको छ । संविधानले महिलालाई विभेदरहित बाँच्न पाउने अधिकार सुनिश्चित गरेको भएपनि अझै पनि अधिकांस महिलाहरु विभेदको सामाना गर्न बाध्य छन् । पूजापाठमा सहभागी हुने वा मन्दिर जाने त परै घरभित्रै पस्न पनि महिलालाई निषेध छ । आरामको जरुरी पर्ने यस्तो बेला घरबाहिरको काममा भने महिलालादिन विवश पारिन्छन् । यो अत्यन्त दुखको कुरा हो ।

बाँच्नका लागि अनिवार्य रहेका खानपान, श्वास–प्रश्वास, मलमूत्र विसर्जनजस्ता जैविक परिघटनाजस्तै प्रजननशील महिलाका लागि रजस्वला पनि शरीरको स्वाभाविक र अनिवार्य क्रिया हो । तर सृष्टि धान्ने यो चक्रलाई हाम्रो समाजले अझै पनि स्वाभाविक रूपमा स्वीकार गर्न नसक्नु विडम्वना हो । यसमा हाम्रा कतिपय धर्मशास्त्रका मान्यताहरूलाई मात्र दोष दिने ठाउँ छैन । किनभने धार्मिक आस्था पालना गर्न नरुचाउने र आफूलाई आधुनिक पुस्ताका मान्ने धेरै पुरुष नै आफ्ना पत्नी, बहिनी, छोरीलाई रजस्वलामा छोइछिटो गर्नेमा अग्रपंक्तिमा देखिन्छन् । महिनावारी भएका बेला छाउगोठमा बस्नुपर्ने भएकाले जीउज्यानकै असुरक्षा हुने, बलात्कृत हुने, मृत्यु हुने जस्ता भयावह घटनाका कारण यो परिवार वा समाजको मात्रै होइन, देशकै प्रतिष्ठासँग गाँसिएको प्रकरण बनेको छ । यसले स्त्री शरीर माथिको साँस्कृतिक उत्पीडन समाजको साझा चिन्ताको विषय हो भन्ने कुरालाई सबैले आत्मसात् गर्न आवश्यक छ । यसर्थ महिनावरीको अवस्थालाई स्वभाविक प्रक्रियाको रुपमा लिएर स्पच्छ र मर्यादित महिनावारी बनाई महिलाहरु सम्मानजनक रुपमा समाजमा बाच्न पाउने अधिकार सुनिश्चित गर्न सकियो भनेमात्र हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवसको सार्थकता रहन्छ ।

### Opinion @ Socia Network

हार्छु या जित्छु त भविष्यले बताउला तर जिन्दगीमा आउने समस्या मेरो लागि समस्या नभएर अवसर बनेको महशुस गरिरहेको छु ।

(सरोज भण्डारीको **फेसबुक स्टाटसबाट** *www.facebook.com/Saroj.Bhandari*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# डिजिटल हिंसा कहिलेसम्म सहने ?



अमृता लम्साल

सूचनाप्रविधिको क्षेत्रमा देखिएका परिवर्तन अहिलेको समयको मुख्य चुनौती हो। हामीले भन्ने गरेको सामाजिक सञ्जाल र यसबाट आइपरेको समस्या त आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को गलत प्रयोगको अगाडि केही पनि होइन। एआईको कुरा गर्दा यो, एउटा/दुइटा मात्रै होइनह हजारौंको संख्यामा पुगिसकेका छन् । युचरपिडिय नामक एउटा फोरमका अनुसार हाल २५ सय ६३ वटा एआईका प्लेटफर्महरू छन् भनेको छ भने, अन्य स्रोतले ७० हजारभन्दा बढी छन् र, यी प्लेटफर्महरू हरेक दिन परिवर्तन भइरहन्छन् पनि भनेका छन् ।

चरपिडियाले एआई टुल्सहरूलाई दश क्याटागोरीमा विभाजित गरेको छ। तीमध्ये, एआई बिजिनेस टुल्स १५ सय ७७, एआई प्रोडक्टिभिटी टुल्स ६३७, अटोमेसन टुल्स ४७०, एआई इमेज टूल्स ३०४, एआई भिडियो टूल्स १८३ छन्। अन्यमा, एआई टेक्स्ट जेनरेटर्स ३१०, एआई कोड टुल्स २०६, एआई अडियो जेनेरेटर्स १५१ तथा एआई आर्ट जेनेरेटर्स ११९ छन् । हामीमध्ये धेरैले, जेनजी आन्दोलनको क्रममा एआई 'जेनेरेटेड' सिंहदरबार जलाएको फोटो 'पहिले नै सामाजिक सञ्जाल (विशेषगरी टिकटकमा)मा राखिएको थियो' भन्ने पनि सुन्यौंह बूढानीलकण्ठतिरको घरमा पैसा जलेको भिडियो, 'एआईबाट बनाएको हो' भनेर सम्बन्धित घरवालाको स्पष्टीकरण पनि टेलिभिजन र पत्रपत्रिकामा देख्यौं । त्यो दुइटा उदाहरणले पनि के थाहा हुन्छ भने, एआईले साँचो कुन र झूटो कुन हो छुट्याउनै गाह्रो पर्ने स्थितिको सृजना गरिदिएको छ । यसै सन्दर्भमा गत नोभेम्बर ३० मा अमेरिकाबाट प्रकाशित हुने 'द वाशिङ्टन पोस्ट'मा एउटा आलेख छापिएको छ । डीप फेक अफ नर्थ क्यारोलाइना लमेकर युज्ड इन अवार्ड विनिङ रलपुल भिडियो शीर्षकमा छापिएको उक्त स्टोरी अनुसार, अमेरिकाको नर्थ क्यारोलिना राज्यकी स्टेट सिनेटर डिएन्ड्रिया साल्भाडोरले सन् २०१८ मा 'टेड-टक'मा बोलेको भिडियोको क्लिप राखेर ब्राजिलमा काम गर्ने एउटा विज्ञापन एजेन्सीले 'ह्विर्लपूल' कम्पनीको लागि विज्ञापन बनाएछह र, उक्त विज्ञापनले, फ्रान्समा भएको 'क्यान्स लायन्स इन्टरनेशनल फेस्टिभल'मा दुइटा अवार्ड जितिसकेको रहेछ । उक्त फेस्टिभललाई 'विज्ञापनको अस्कर 'जस्तै मानिंदो रहेछ । अमेरिकाको निम्न आयस्रोत भएका वर्गको बारेमा कसरी इनर्जी सेभिंग गर्न सकिन्छ भनेर बोलेको भिडियोलाई एआई प्रयोग गरेर 'ह्विर्लपूल'को प्रवक्ता जस्तो बनाएर विज्ञापन बनाइएको रहेछ । त्यो कुरा, उक्त विज्ञापनले दुइटा अवार्ड जितुन्जेल पनि थाहा रहेनछ । होस पनि कसरी ? आफूले, आफ्नै देशमा बोलेको कुरा अन्य देशको विज्ञापन कम्पनीले प्रयोग गर्छ भन्ने कहाँ सोच्न सकिन्छ र ? सो विज्ञापनमा सीएनएनको दृश्य पनि त्यसैगरी हालेको रहेछ। सीएनएनले थाहा पाएर ब्राजिलमा ह्विर्लपूललाई कम्प्लेन फाइल गरेछ। त्यसपछि सिनेटर साल्भाडोरले चिनेको मानिसहरूले उनको ध्यानाकर्षण गराएछन्ह उनीहरूले सोधेछन्, यो तिमी आफैंले बोलेको हो कि, एआई जेनेरेटेड हो ? त्यसपछि बल्ल उनले थाहा पाएकी रहिछन् । उक्त एजेन्सीले अवार्ड त फिर्ता गरेछह तर, जतिले सो विज्ञापन हेरेका थिए, उनीहरूलाई के थाहा सो विज्ञापन एआई जेनेरेटेड हो भनेर ! त्यस्तै अर्को रोचक आलेख, अमेरिकी सञ्चार संस्था सीएनएनको अनलाइन, हेल्थ संस्करणमा २८ नोभेम्बर २०२५ मा प्रकाशित भएको छह जसको शीर्षक, 'साउथ कोरियाज् एजिंग पपुलेसन फाइन्ड्स कम्फर्ट, केयर इन रोबो-ग्रान्डमा डल्स'(साउथ कोरियाका वृद्ध जनसंख्या, 'रोबो ग्रान्डमा' पुतलीमा रमाउँछन्ह उनीहरूको सुसार गर्छन्)। सो 'रोबो-ग्रान्डमा' पुतली बनाउनुको कारण बढ्दै गएको उमेरसँगै एक्लिएका ती ज्येष्ठ नागरिकहरू एक्लो महसुस गरेर मानसिक स्वास्थ्य बिग्रने कारणले उनीहरूको स्वास्थ्यलाई ठिक राख्न, ७ वर्षका बच्चाहरू जस्तो बोल्ने रोबट पुतली बनाइएको रहेछ । ती पुतलीहरूले छोटा कुराकानी गर्ने, औषधि खान सम्झाउने समेत गर्न सक्ता रहेछन्। उक्त पुतली पनि एआई जेनेरेटेड टेक्नोलोजी नै हो। सालोम ग्राउवार्डद्वारा लिखित उक्त लेखमा ती पुतलीहरू र एआई जेनेरेटेड घरपालुवा जनावरहरूको बारेमा पनि जानकारी दिइएको छ । यस्तो छ अहिलेको समय ! उपरोक्त उदाहरणहरू दिनुपरेको कारण के हो भने, हामीले बुझे जस्तो फेसबुक र एक्समा गरिने ट्रोलले मात्रै डिजिटल हिंसा हुने वा गरिने होइनन् । डिजिटल हिंसाको अर्को विकराल रूप अनलाइन पत्रिकाहरूमा लेखिएको लेखहरूमा गरिने कमेन्टहरूमा पनि देखिन्छ। पत्रपत्रिकामा लेख लेख्नु भनेको विभिन्न विचारहरूलाई सार्वजनिक गरेर त्यसमा पक्ष/विपक्षबाट छलफल होस्ह कुनै समस्या छ भने छलफलबाट समाधान निस्कियोस्, सरकार वा सम्बन्धित निकायको ध्यानाकर्षण होस् भन्ने पनि हो । तर, हाम्रो बानी कस्तो भयो भने, आफूलाई चित्त नबुझ्ने बित्तिकै, तार्किक बहस गर्ने होइन कि, कमेन्टमा गएर आमाचकारी गाली गर्ने, महिला छन् भने उनीहरूलाई व्यक्तिगत लाञ्छना लगाउने, चरित्रहत्या गर्ने आदि गर्न कुनै कसर छाडिन्न । यो पंक्तिकारले धेरै अगाडि एउटा बलात्कारको केसमा लेख्दा, लेखको कमेन्टमा "सिधै आएर तँलाई पनि बलात्कार गर्दिन्छु" लेखिएको थियो । शायद तीन या चार वर्ष अगाडि होला, फ्रन्टलाइनमै देखिने एक अनलाइनमा प्रकाशित लेखको कमेन्टमा, लेख लेख्ने पत्रकार महिलामाथि गरिएको कमेन्ट अत्यन्तै असहिष्णु थियो । त्यहाँ लेखिएको थियो– 'कसैले यसलाई बलात्कार गर्छ भने म १० लाख दिन्छु ।' यस्ता कमेन्टहरू सबैले सहज तरिकाले लिन सक्छन् भन्ने छैनह यसले, सम्बन्धित व्यक्तिलाई मानसिक रूपमा क्षत-विक्षत नै बनाएर छाड्छ । यस्तो अवस्थामा न त अधिकांश पत्रिकाले साथ र सहयोग दिन्छन्ह न अरू कसैले। त्यसपछि महिलाहरू आफ्नो आवाज दबाएर चुपचाप बस्न खोज्छन्। मिडियाकै क्षेत्रमा हुँदा पनि अहिलेसम्म नबुझेको कुरा, ती अनलाइनहरूले त्यसता अपमानजनक, धम्की दिने कमेन्टहरू प्रकाशन गर्न हुँदैन भन्नेतर्फ किन ध्यान दिंदैनन् ! यस बारेमा, अमेरिकाबाट प्रकाशित हुने 'द न्युयोर्क टाइम्स'को त त्यस्ता कमेन्टहरू प्रकाशित नगर्ने नीति नै रहेछ । उक्त पत्रिकाले मानव तथा टेक्नोलोजीको संयुक्त सहयोगमा कमेन्टमा आउने घृणात्मक अभिव्यक्ति, कुनै पनि जाति, धर्म, राष्ट्रियता, लिङ्ग, अपाङ्गता, व्यक्तिगत आक्रमण, धम्की लगायत कुराहरूलाई प्रकाशन तथा प्रसारण गर्न रोक्दो रहेछ। तर यहाँ त, 'बलात्कार गरेमा पैसा दिन्छु' भन्ने कुरा पनि खुलेआम छापिन्छ । यस्तो परिस्थितिमा, नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरमा मनाइने 'लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान' यसपालि 'प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं' नाराका साथ मनाइरहिएको छ । यो १६ दिने अभियानको सुरुआत प्रधानमन्त्रीदेखि महिला हकहितको लागि खोलिएका अनगिन्ती संघ/संस्थाहरूले मनाउँछन्ह ती कुराहरू समाचारमा पनि आउँछन्। झन् आजकल त सामाजिक सञ्जाल मार्फत आफूले गरेका कामका फोटोहरू हालेर जताततै सबै सु-सूचित भएको झझल्को पनि दिन्छन्। तर, त्यही समयमा, देशको पहिलो महिला प्रधानमन्त्रीमाथि सामाजिक सञ्जालमा गरिएको टिप्पणी र अपमान देख्दा र पढ्दा, ती १६ दिने अभियानले कता/कसरी चेतना फैलाइरहेको छ भन्ने प्रश्न ठूलै स्वरले सोध्न मन लाग्छ । अहिले देशको प्रधानमन्त्री काकताली परेर महिला हुनुहुन्छह कम्तीमा प्रधानमन्त्रीको पदको त सम्मान हुनुपर्ने हो । तर, अहँ ! बरु अहिलेको समयमा, सामाजिक सञ्जालमा सबैभन्दा बढी उहाँकै अपमान भइरहेको होला ! कसैले, उहाँलाई गलहत्याएर पदबाट निकाल्नुपर्ने कुरा गर्छन् भने कसैले, तरकारी किन्न जाँदा समातेर प्रधानमन्त्री बनाइएकी भन्न समेत पछिपरेका छैनन् । कसैले, उहाँको उमेरलाई समेत होच्याएर पिसाब फेर्न बस्दा उठ्न नसक्ने भन्छन्ह कसैले, सारी फेरेर लगाएकोमा अपमानित गर्न छाड्दैनन् । नोभेम्बर २५ कै दिन थियो, जुन दिन महिला तथा बालिकामाथि हुने डिजिटल हिंसा अन्त्य गर्ने १६ दिने अभियान शुरु भयो, त्यही दिन राजनैतिक र सामाजिक रूपमा सचेत एक जनाले देशको पहिलो महिला प्रधानमन्त्रीमाथि डिजिटल हिंसा हुने स्टाटस लेख्नुभयो- 'आमा' बनेर जागिर खान पुगेकी थिइन्, आतंकी बनेर छोराछोरीलाई यातना दिन उद्यत छिन् पधेर्नी आइमाई !' यदि प्रधानमन्त्रीले आफ्नो पदीय दायित्व निर्वाह नगरेको भए, नीतिनियम विपरित काम गरेको भए प्रधानमन्त्रीको काममाथि टीका-टिप्पणी गर्न नहुने भन्ने पक्कै होइन । तर, राजनैतिक विचारधारा नमिलेकै कारण, कुनै व्यक्तिमाथि तल्लो स्तरमा उत्रिएर गालीगलौजको भाषा प्रयोग गरिन्छ भने त्यो पक्कै पनि लैंगिक हिंसा हो । जुन देशमा प्रधानमन्त्रीको पदमा आसीन महिलामाथि त लैंगिक हिंसा हुन्छ भने त्यो देशको नीतिनियमबाट महिला तथा बालिका डिजिटल, शारीरिक या मानसिक हिंसाबाट जोगिन्छन् भन्ने ग्यारेन्टी के ? उनी कुन मानसिक अवस्थाबाट गुज्रिएकी होलिन् ! भर्खरै मात्र सञ्चारकर्मी मित्र दिपेन्द्र खनियाँको आत्महत्याको अत्यन्तै दुखान्त घटनापछि हामी वरिपरिका साथीहरूले आफैंलाई धिक्कार्यौं: 'के हामीले कहिल्यै उसलाई 'तिमीलाई कस्तो छ !' भनेर सोध्यौं ?' फेरि अर्को कलाकारले भन्छ: 'मलाई बाँच्न गाह्रो भयो।' त्यो पोस्टमा आएका प्रतिक्रियाहरू पढ्दा म झन् निराश र आश्चर्यचकित भएँ। ढाडस दिने त कमै छन्ह कतिले त यत्तिको अमानवीय शब्द लेखेका छन् 'जा, मर न त...' उ... को हो यो लेख्ने ? कस्तो हुर्काइ, परिवेश वा मानसिकताका मानिसले यसरी लेख्न सक्छ ? यो त निर्दयता र हिंसाको चरम रूप हो । केही दिनअघि मेरा मित्र लेखक गनेस पौडेलसँग सोसल मिडियामा आउने प्रतिक्रियाबारे छलफल भएको थियो । उनले भनेका थिए: 'हामीकहाँ सोसल मिडियामा आउने ( सामाजिक-राजनीतिक) प्रतिक्रियामा ९५ प्रतिशत प्रतिक्रिया पुरुषहरूको छ। यसबारे सर्वेक्षण भएको छ रे !' त्यसो भए गालीगलौज र फोहोरी/हिंसात्मक कमेन्ट गर्नेमा यो प्रतिशत कहाँ पुग्ला ? सोसल मिडियामा ९९.९९९९ प्रतिशत फोहोरी वा हिंसात्मक प्रतिक्रिया पुरुषहरूबाटै आइरहेका छन् । हाम्रा पहुँचका पोस्टहरूमा आउने प्रतिक्रियाबाट पनि स्पष्ट हुन्छ, हाम्रो सोसल मिडिया केवल पुरुष-वर्चस्वमा मात्र छैन, अति नै 'महिला-द्वेषी' छ । फेसबुक, टिकटक, इन्स्टा, एक्स वा युट्युब जहाँ पुगे पनि महिलाका पोस्टमा गाली गर्ने, पढ्नै नसकिने फोहोरी शब्द लेख्नेहरू पुरुष नै हुन्छन्।सामाजिक सञ्जालबाट व्यापक रूपमा अनियन्त्रित बनिरहेको घृणाजन्य अभिव्यक्ति, गोपनीयता हनन्, मिथ्या सामग्रीमा छुट दिंदै जाने हो भने यसले अझै ठूलो समस्या निम्त्याउँदै जाने पक्का छ। यसको लागि डिजिटल अभिव्यक्तिलाई लिएर कानून बन्नु जरूरी छ । कानून बनाउने कुरामा बहस पनि चलिरहेकै छ । विधेयकको अर्को रोचक पक्ष के हो भने सत्तामा रहेको दल यसको पक्षमा उभिन्छ तर, जब सत्ता परिवर्तन भएर विपक्षमा पुग्छ अनि त्यही दल विधेयकको विपक्षमा हुन्छ । नेपालमा कानून बनाउँदा, दक्षिण एशियाली बङ्गलादेशमा जस्तो अभिव्यक्ति नियन्त्रणमुखी हुन नदिन सम्बन्धित पक्ष चनाखो र सचेत रहनुपर्दछ । यी तथ्यहरूलाई मनन् गर्दै सूचनाप्रविधि विधेयक ल्याउन जरूरी भइसकेको छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पराक्रमले आँटेको कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **तुला** : रमणीय र सुखद् यात्राको हुने छ । धार्मिक यात्राको योगछ । |
| **वृष** : कार्य सम्पादनमा सहजता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । | **वृश्चिक** : साँझमा पैसा खर्च हुने योग छ । चोटपटकको भय छ । |
| **मिथुन** : रमणीय र सुखद यात्राको योग छ । दैनिक कार्यमा प्रगति हुनेछ । | **धनु** : विद्या र बुद्धिको विकास हुने छ । पारिवारिक भेटघाटमा रमाइनेछ । |
| **कर्कट** : कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोवारमा विवाद आउला । | **मकर** : काम दोहोऱ्याएर गर्दा फाइदा हुनेछ । ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **सिंह** : कुनै कुराले मनमा प्रसन्नता छाउने छ । मन अध्यात्मतर्फ आकर्षित बन्नेछ । | **कुम्भ** : मित्रबाट विशेष सहयोग मिल्ने छ । परिवारहरूसित भेटघाट हुनेछ । |
| **कन्या** : मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ । | **मीन** : आर्थिक पक्ष सबल बन्दै जानेछ। सामानको जिम्मेवारी स्वयं राखौं। |

शिक्षा

# विद्यालय छाडेका बालबालिकाको खोजी अभियान

भोजपुरको पौवादुङमा गाउँपालिकाले विद्यालय छाडेका बालबालिकाको खोजीकार्यलाई तीव्र बनाएको छ । विद्यालय छाडेका बालबालिकाको अभिलेख संकलन, घरदैलो छलफल तथा अभिभावकसँग संवादमार्फत गाउँपालिकाले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न क्रियाशीलता बढाएको हो । 'शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित नहुन्' भन्ने लक्ष्यसहित सुरु गरिएको अभियानले स्थानीय समुदायमा सकारात्मक प्रभाव पारेको छ । गाउँपालिकाले शिक्षा क्षेत्रको विकासलाई प्राथमिकतामा राख्दै 'नवजात शिशु भविष्य सुरक्षा' कार्यक्रमअन्तर्गत बालबालिकालाई पाँच वर्षसम्म मासिक पाँच सयका दरले सहयोग उपलब्ध गराउँदै आएको गाउँपालिका अध्यक्ष किरण राईले बताए। यसले अभिभावकलाई बालबालिकाको पठनपाठनमा प्रोत्साहन गर्ने अपेक्षा राखिएको छ । 'सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन हामीले विशेष जोड दिएका छौँ', अध्यक्ष राईले भने, 'विद्यालय बाहिर रहेका बालबालिकाको खोजी, विद्यालय छाड्नुका कारण पत्ता लगाउने र तत्काल समाधान गर्ने प्रक्रियालाई निरन्तर सञ्चालन गरिरहेका छौँ ।' यो अभियानमार्फत विद्यालय



बाहिर रहेका १० जना विद्यार्थी पुन: भर्ना गरिएको गाउँपालिकाले जनाएको छ । विद्यालयलाई छाड्ने दर शून्य बनाउन गाउँपालिकाले सचेतनासँगै खोजी अभियान सञ्चालन गरिरहेको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईका अनुसार हाल गाउँपालिकामा रहेका ३२ वटै सामुदायिक विद्यालयमा शैक्षिक तथा भौतिक सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन् । 'विद्यालय सुधार, सिकाइको गुणस्तर वृद्धि र बालमैत्री वातावरण निर्माणमा हामी निरन्तर केन्द्रित छौँ', भट्टराईले बताए । शैक्षिक सुधारसँगै गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम पनि सञ्चालन भइरहेको छ । उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई सम्मान तथा आर्थिक प्रोत्साहन प्रदान गरिँदै आएको गाउँपालिका शिक्षा शाखाले जनाएको छ । यो गाउँपालिकालाई २०८१ सालमा बालश्रममुक्त स्थानीय तहसमेत घोषणा गरिएको छ । बालमैत्री स्थानीय तह निर्माण गर्न बालश्रमुक्त स्थानीय तह पहिलो शर्त रहेकाले गाउँपालिकाले अहिले यसमा जोड दिएको गाउँपालिकाका रोजगार संयोजक तथा बालश्रमसम्बन्धी विषयका स्रोतव्यक्ति टेकराज खड्काले बताए । गाउँपालिकाले बाल उद्धार कोष निर्माण गरेर आवश्यक कदम अघि बढाएको छ । स्थानीयवासीले गाउँपालिकाले सञ्चालन गरेको यो अभियानले विद्यालय फर्कने विद्यार्थीको सङ्ख्या बढ्ने विश्वास व्यक्त गरेका छन् । *-रासस*


**Tansen Municipality**
**Office of Municipal Executive**
**Tansen,Palpa**

## Invitation for Online Bids

***Date of publication: 2082/08/22 (Dec. 08, 2025)***

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids fromeligible bidders under PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**

*Information to deposit the cost of bidding document in Bank:*
*Name of the Bank: Rastriya Banijya Bank Ltd., Palpa*
*Name of the Office: Tansen Municipality Office, Tansen, Palpa*
*Rajaswa Account No.: 3030100301010004*
Bid Validity Period: 90 days
Office Code :80550401
Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/W/NCB /26/2082-083 | Ward Office Construction Work (Tansen ward no 1 & 13), Tansen, Palpa. | 2448399.83 | 3000.00 | 65000 | 2082/09/23 12.00 Pm (Jan 07, 2026) |
| TM/PLP/W/NCB /27/2082-083 | Ward Office Construction Work (Tansen ward no 3,5 & 7), Tansen, Palpa | 1813915.4 | 3000.00 | 50000 | |
| TM/PLP/W/NCB /28/2082-083 | Krishi Upaj Sankalan Kendra Surubato-sinduredhara sadak Upgrading. Bhuchaya & Jaldhara Byabasthapan:- Krishi upaj Sankalan kendra to Holangdi Nali or Bato Dhalan krishi sankalan kendra dekhi Mathillo Bato dhalan & Sinduredhara Tank Nirman or Dahara byabasthapan, Adhuro Wall & "Pa" dhara tarfako Dhal Upgrading. | 5771527.36 | 3000.00 | 150000 | |
| TM/PLP/W/NCB /29/2082-083 | Road Upgrading Work ( Sharada Ma. Vi.,Chappani Sirsire, Majhidhara.30 Road), Tansen-8, Palpa | 1052667.99 | 3000.00 | 30000 | |

**Chief Administrative Officer**
**Tansen Municipality Office**


# सरकारी विद्यालयका शिक्षकहरूको वृत्तिविकासको सन्दर्भ



**सुदर्शन अधिकारी**

शिक्षा मानवको चौतर्फी विकासको आधार भएकोले यसको विकासका लागि हरेक देशले विशेक्ष ध्यान दिने गरेका छन् । शिक्षाको विकास सहज रूपमा गर्नका लागि राज्यले कूल बजेटको कम्तीमा पनि बीस प्रतिशत रकमको खाँचो रहन्छ भन्ने सवाल निकै जोडदार रूपमा उठ्ने गर्छ तर हाम्रो सन्दर्भमा भन्ने हो भने मुस्किलले १२ प्रतिशत बजेट यस क्षेत्रमा रहेको छ । वर्तमान समयमा राजयले विनियोजन गरेको रकम शिक्षाकहरूका लागि नै विनियोजित रकमको ९० प्रतिशतसम्म खर्च हुन्छ । आज पनि न त पुस्तकालयको व्यवस्था रहेको छ न त व्यवस्थित शौचालयको नै । ग्रामीण क्षेत्रमा रहेका विद्यालयमा आज पनि विषयगत शिक्षाको अभाव कायम रहेको छ । स्वच्छ पिउने पानीको व्यवस्थापन, अतिरिक्त क्रियाकलापका लागि आवश्यक सामग्रीहरूको उपलब्धता पनि छैन । शिक्षाको महत्व जानेर पनि हामीले यसको समय सापेक्ष विकास गर्न भने सकिरहेका छैनौं । आजको खाँचो भनेको व्यावसायिक र सीपमूलक शिक्षा नै हो तर यसको विकास गर्न हामीले सकिरहेका छैनौं । यस वास्तविकता सबैका सामु छिपेको विषय होइन । मानवका लागि शिक्षा अपरिहार्य रहेकाले पनि यसको विकासमा विशेष जोड दिनुपर्छ । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक विकासका लागि शिक्षा नभई नहुने विषय हो । हामी आज पनि विसं २०२८ सालको शिक्षानीतिको वरिपरि नै रुमलिएर बसेको अवस्था छ । शिक्षा देशको आवश्यक्तालाई पूरा गर्ने खालको हुनुपर्छ । आज हामीलाई कस्ता जनशक्तिको खाँचो छ ? त्यसका लागि कुन पक्षमा जोड दिनुपर्छ ? भन्नेमा ध्यान दिनुपर्छ । शिक्षामा लगानी एक हिसाबले हेर्ने हो भने बालुवामा पानी जस्तै भइरहेको देखिन्छ । राज्यले ठूलो रकम खर्चेर पनिउ पलब्धि भने हासिल गर्न सकेको छैन । शिक्षामा व्यापक रूपले सुधारको आवश्यकता रहेको छ तर त्यसका लागि राज्यले ठोस पहल गरेको पनि छैन । पाठ्यक्रममा पनि समय सापेक्ष रूपमा परिमार्जन गर्नुपर्ने हुन्छ । व्यावसायिक शिक्षाको खाँचो उच्च रहेको वास्तविकता नीतिनिर्माणका तहमा रहने व्यक्तिलाई ज्ञात भएकै छ तर त्यसप्रति जुन गम्भिरता देखाउनु पर्ने हो त्यसको अभाव नै रहेको देखिन्छ । आजको शिक्षा व्यावसायिक र सीपमूलक हुनुपर्छ जसले रोजगारी सिर्जना गर्न सहज हुन्छ । हाम्रो शिक्षा सैद्धान्तिक मात्र भएका कारण बेरोजगारीको मात्र तीव्र रूपले वृद्धि भयो भन्ने चर्चा सर्वत्र गरिन्छ । वास्तविकता पनि त्यस्तै रहेको देखिन्छ । सामान्यतया कक्षा १२ उत्तीर्ण गरेपछि केही न केही कार्यमा सहभागी भएर जीविकोपार्जन गर्नसक्ने शिक्षा आजको आवश्यकता रहेको छ । यसको अभाव भएर नै आज शिक्षित बेरोजगारीको संख्या वृद्धि भएर गएको छ । आजको वास्तविकता भनेको मास्टर्स डिग्री लिएर पनि केही पेशा वा व्यवसाय गर्न सक्षम नहुने यस्ता बिडम्वना हाम्रो देशमा रहेको छ । नमिठो भए पनि यथार्थ त्यही नै रहेको छ । शिक्षकहरूको वृत्ति विकासमा केही ठोस र उल्लेख गर्न लायक कार्य भएन । एउटामात्र दृष्टान्त हेरौं विसं २०५२ सालमा शिक्षक आयोगले परीक्षा लिएर पटक-पटक सरकार फेरिए पनि नतिजा प्रकाशन गर्न सकेन । धेरै बहस र किचलोका बीच बल्लबल्ल २०६० सालमा सो परीक्षाको नतिजा प्रकाशित गरियो । त्यसबेला स्थायी बनेका शिक्षक २०८२ सालको अन्त्यमा समेत एक तह पनि बढुवा हुनसकेका छैनन् । त्यसभन्दा अगाडि विसं २०४८ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई रहेको समयमा कार्यरत शिक्षकहरू सबै स्थायी भए तर ती शिक्षक एकैपटक २०६७ सालमा आएर बल्ल एक तह बढुवा भए । यसरी शिक्षकको योग्यता, क्षमता भएर पनि बीस वर्ष बित्दा पनि बढुवा हुन नसकिने कस्तो प्रणालीको विकास हामीले गरेका रहेछौं ? शिक्षामा रहेका अकर्मण्यता हटाउने पहल भएको देखिँदैन । यस लेखको लेखक स्वयंको पनि २०४८ सालमा स्थायी भएको तर एक तह बढुवाका लागि २०६७ सालसम्म पर्खनु परेको तीतो अनुभव ताजा नै रहेको छ । योग्यता पुगेका शिक्षण अनुमतिपत्र लिएका सबल शिक्षकहरू पनि किन लामो समय वा दुई दशकसम्म एक तह पनि माथि जान सक्षम भएनन् ? यसको उत्तर सहज रूपमा किन पाइँदैनन् । शिक्षा सर्वत्र आवश्यक छ भन्ने जानेर पनि किन यसको समय सापेक्ष रूपले विकास गर्न सकिएन ? भन्ने प्रश्न जटिल रहेको छ । शिक्षा सर्वसुलभ र सबैको पहुँचमा पुग्ने वातावरणको सिर्जना गर्न अझै पनि सकिएको छैन । आज पनि गरिबीका कारणले गर्दा हजारौंका संख्यामा रहेका विद्यार्थी विद्यालयमा जान सकिरहेका छैनन् । किनभने आमाबाबा काममा जाने भाइबहिनी स्याहार गर्ने कामका लागि उसका दिदी पनि विद्यालय जान सक्दैनन् । यसको खास कारण भनेको नै गरिबी रहेको स्पष्ट रूपले देख्न सकिन्छ । सरकारले गरिबी निवारणका विभिन्न कार्यक्रम गर्दै आएको पनि बीस वर्ष बितिसक्यो तर त्यसमा पनि अपेक्षित उपलब्धि भने हाँसिल गर्न सकिएको छैन । अहिले गरिबीका रेखामुनि रहेका जनसंख्याको प्रतिशत बीस रहेको छ । यसका लागि पनि थप प्रभावकारी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ । हाम्रो शिक्षा प्रणली पनि सामयिक र प्रभावकारी बन्न सकेन । बीस वर्ष एउटै तहमा रहेर अध्यापन गर्न विवश शिक्षाकबाट राज्यले कस्तो अपेक्षा गर्ने ? प्रश्न जटिल छ । कम्तीमा पनि दश वर्ष एक तहमा अध्यापन गरिसकेपछि एक तहमा स्वतह बढुवा हुने सम्यन्त्र विकास गर्न किन नसकिएको होला ? निजामती कर्मचारीहरू भने बीस वर्षमा तीनपटक सहजै बढुवा हुन्छन् । शिक्षक बढुवा हुन नसक्नुका कारण अनेकौं रहेका छन् । फाइल बढुवाका लागि हरेक वर्ष कार्यसम्पादन मूल्यांकन फारम भर्ने गरिन्छ । तर ती फाइल बीच-बीचमा पटक-पटक सच्याउने, केरमेट गर्ने र नम्बर नै बदलिने गरिन्छ । यस कारण पनि शिक्षकहरू छिटो र छोटो समयमा बढुवा हुन सक्दैनन् । शिक्षाको महिमा बुझेर पनि समय सापेक्ष रूपमा विकास गर्नका लागि राज्यले ध्यान दिन सकेको देखिँदैन । वर्षेनी अर्बौं रकम खर्चने यस शिक्षा क्षेत्रमा अपेक्षित विकास गर्न नसक्दा सर्वत्र चिन्ता रहेको पनि देखिन्छ । लगानी गरिए अनुसार उपलब्धि प्राप्त गर्न नसक्दा ठूलो लगानी खेर गइरहेको वास्तविकता हामीले भुल्नु हुँदैन । आज पनि विज्ञान, गणित र अंग्रेजी जस्ता विषयका शिक्षकको अभाव कायम नै रहेको छ । शिक्षा आयोगले विज्ञापन गरेका सिटमा आवश्यक संख्यामा आवेदन पनि गर्न सक्दैनन् । शिक्षकहरूका सरुवा रबढुवामा व्यापक रूपमा भ्रष्टाचार हुने गरेका छन् । राजनीतिक पहुँचका आधारमा मात्र ज्यादा हुने गरेका नमिठा वास्तविकता रहेको छ । बढुवामा गरिने प्रतियोगितात्मक परीक्षामा पनि विश्वसनीयता रहेको देखिँदैन । शिक्षक सरुवामा पनि व्यपक रूपमा रकमको चलखेल हुने गरेका छन् । शिक्षकको बढुवालाई व्यवस्थित र पारदर्शी बनाउन नसक्दा आमशिक्षकहरूमा निराशा छाउन सक्छ । यसतर्फ हामीले विशेष ध्यान दिनुपर्छ । शिक्षकको मनेबल उच्च राख्नका लागि बढुवाको परिपाटी सहज र व्यवस्थित बनाउने हो भनेमात्र यस क्षेत्रमा थप प्रेरणा जाग्ने वातावरण सिर्जना गर्न सकिन्छ । सरुवा गर्दा पनि हरेक तहमा तृतीय श्रेणीका मात्र गर्ने परिपाटीको विकास गर्ने हो भन्नेहरूलाई मार पर्ने थिएन । शिक्षकलाई समय समयमा तालिम प्रदान गर्ने व्यवस्था प्रभावकारी बनाउनु पर्छ जसले पठनपाठन पनि प्रभावकारी र उपलब्धिमूलक बन्नसक्छ । यसतर्फ शिक्षामन्त्रालय, विभाग र अन्य सरोकारवाला निकायले गम्भीरताका साथ ध्यान दिनु जरुरी छ । शिक्षामा सुधारका लागि पाठ्यक्रम पनि परिमार्जन गरी समय सापेक्ष र व्यावसायिक अनि सीपमूलक बनाउनुपर्छ तबमात्र रोजगारी सिर्जनासमेत गर्न सहज वातावरणको सिर्जना गर्न सकिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

# अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइँदै




**पाल्पा,** मंसिर २१/आज अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । महिला हिंसा विरुद्धको १६ दिने अभियान (२५ नोभेम्बर-१० डिसेम्बर) कै अवसर पारेर हरेक वर्ष ८ डिसेम्बरमा यो दिवस मनाउन लागिएको हो ।

दक्षिण गोलार्द्धीय मर्यादित महिनावारी सञ्जालको पहलमा सन् २०१९ देखि यो अभियान मनाइँदै आएको छ । महिनावारी प्राकृतिक शारीरिक प्रक्रिया हो । महिलाको गर्भाशयको भित्री तहमा मासिक रूपमा जम्मा भएका तन्तुहरू र रगत बाहिर फालिने विशुद्ध प्राकृतिक र महत्वपूर्ण प्रक्रिया यो । प्राकृतिक, स्वाभाविक र महत्वपूर्ण प्रक्रिया भए पनि महिनावारीका बारेमा विश्वका विभिन्न भागमा त्यहाँका संस्कृति र सामाजिक मान्यताअनुसार यसबारेमा विभिन्न धारणा रहेको पाइन्छ । केही संस्कृतिमा महिनावारीलाई सम्मानका दृष्टिले हेरिने भए पनि विश्वका अधिकांश भागमा महिनावारी र महिनावारी भएका महिलालाई अशुद्ध, फोहोर र अपवित्र मान्ने अन्धविश्वास वर्षौंदेखि कायम रहेको पाइन्छ ।

यसैका आधारमा महिलालाई विभिन्न पारिवारिक, सामाजिक, सांस्कृतिक र धार्मिक कार्यक्रमहरूमा भाग लिन वञ्चित गरिन्छ । नेपालमा पनि यस्तो अन्धविश्वास रहेको पाइन्छ । महिनावारीका विषयमा सरसफाइको दृष्टिकोणबाट बहस छलफल भए पनि महिनावारीका कारण किशोरी/महिलामाथि गरिने विभेद, लाञ्छनाहरु हुने गरेका छन् । त्यसलाई रोक्नका लागि पनि यो दिवस महत्वपूर्ण हुने गर्दछ ।

केही संस्कृतिमा महिनावारीलाई सम्मानका दृष्टिले हेरिने भए पनि विश्वका अधिकांश भागमा महिनावारी र महिनावारी भएका महिलालाई अशुद्ध, फोहोर र अपवित्र मान्ने अन्धविश्वास वर्षौंदेखि कायम रहेको पाइन्छ । यसैका आधारमा महिलालाई विभिन्न पारिवारिक, सामाजिक, सांस्कृतिक र धार्मिक कार्यक्रमहरूमा भाग लिन बञ्चित गरिन्छ । नेपालमा पनि यस्तो अन्धविश्वास रहेको पाइन्छ । महिनावारीसँग जोडिएको सामाजिक लाञ्छनाले गर्दा रजस्वलाको बेला प्रयोग गरिने प्याडलगायत अन्य साधनबारे महिलाले खुलेर बोल्न समेत सकेका छैनन् ।

# लैङ्गिक हिंसा अन्त्य...

...सहभागी शिक्षकहरूले लैङ्गिक हिंसा न्युनिकरणको लागि आफ्ना-आफ्ना विद्यालयमा लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने, विद्यार्थीहरूलाई अधिकार र कर्तव्यबारे जानकारी दिने तथा जोखिममा रहेका किशोरीहरूलाई आवश्यक परामर्श र सहयोग उपलब्ध गराउनुको साथै विद्यालयमा बालमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गर्न आफुहरुको पहल रहने बताए । शिशु कक्षामा काम गर्ने महिला शिक्षकहरुको सेवा सुविधा निकै कम भएको, उनीहरु आर्थिक रुपमा हिंसामा परेकाले पालिकाबाट आवश्यक पहल गर्न महिला शिक्षकहरुले माग समेत गरे । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डेले लैङ्गिक हिंसाको विद्यमान अवस्था, दण्ड जरिवाना, कानुनी सहयोग, साइबर अपराध, सामाजिक सञ्जालको असावधानी पूर्ण प्रयोग, अनलाइन दुर्व्यवहार र डिजिटल ब्ल्याकमेल जस्ता विषयमा जानकारी गराए । शसस्त्र प्रहरी बल ३५ नं. गुल्म पाल्पाकी प्रमुख प्रहरी नायव उपरीक्षक झुपा कुमारी पन्थीले प्रविधीको दुरुपयोगबाट महिलाहरू विशेष रूपमा प्रभावित हुने गरेको भन्दै मोबाइल , फेसबुक, टिकटक, मेसेन्जर जस्ता माध्यम प्रयोग गर्दा सचेत रहनु पर्नेमा प्रशिक्षण दिएकी थिईन । कार्यक्रममा पालिका प्रशासन प्रमुख सुजन घिमिरेले लैङ्गिक हिंसाका कारण, रोकथाम, संवैधानिक तथा कानुनी अवस्था, व्यवहारिक रुपमा भएका हिंसाका घटनाहरु बारे महिला शिक्षकहरुसँग अन्तरक्रिया गरे । पालिकाले लैङ्गिक हिंसा न्यूनीकरण नीतिगत रुपमै गरेका कामहरु, कार्यक्रम तथा बजेटका बारेमा महिला, बालबालिका शाखा प्रमुख धन कुमारी रानाले जानकारी दिईन । विद्यालय, घर र समाज सबै ठाउँबाट हिंसाविरुद्धको आवाज निरन्त उठाएर मात्र लैगिंक हिंसा न्युनिकरण हुने महिला शाखा प्रमुख रानाको बुझाई छ । गाउँपालिकाले लैङ्गिक हिंसा न्युनिकरणको लागि विगतका बर्षहरुमा समुदायमा सचेतना नाटक, घरदैलो सचेतना, महिला स्वयसेवीमार्फत टोलटोल घर-घरमा सचेतना जस्ता अभियान सञ्चालन गरिसकेको छ भने यस बर्ष विद्यालयका महिला शिक्षकहरुमार्फत लैङ्गिक हिंसाविरुद्धको आवाजलाई विद्यालय हुँदै समाजसम्म फैलाउने महत्वपूर्ण प्रयासको थालनी गरेको छ । पालिकास्तरीय महिला समन्वय समितीकी अध्यक्ष विमला बस्यालको स्वागत कार्यपालिका सदस्य गिता रेग्मीको सञ्चालनमा कार्यक्रम भएको थियो । यस्तै उता रामपुर नगरपालिकाले पनि एकल महिलाहरुका लागि लैङ्गिक हिंसा तथा कानूनी सचेतना कार्यक्रम गरेको छ । कार्यक्रममा समाजमा हुने हिंसा, यसको अवस्था, निम्त्याउन सक्ने दुर्घटना, यसको न्यूनीकरण, कानुनी उपचार लगायतका विषयमा सहजिकरण गरिएको थियो । रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले एकल महिलाहरुलाई सामाजिक रुपबाटै हुने विभिन्न किसिमका हिंसाहरु चुनौतीको रुपमा रहेको उल्लेख गरे । यसका लागि हिंसाको कानुनी उपचार खोज्न आवश्यक रहेको उनको भनाई छ । उनले एकल भए पनि विभिन्न सिप र उद्यमको माध्यमबाट आत्मनिर्भर बन्न आग्रह समेत गरे । यसका लागि रामपुर नगरपालिका संधै साथमा रहेको नगर प्रमुख थापाको भनाई छ । यस्तै उपप्रमुख बालकुमारी थापाले एकल महिलाहरुको हक अधिकार र समृद्धिका लागि एकल महिला दिदिबहिनीहरु एक भएर लाग्नु पर्ने बताइन् । उनले एकल महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि नगरपालिकाले नगरस्तरबाटै विभिन्न किसिमका कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिन् । कार्यक्रमको सहजिकरण रामपुर नगरपालिका महिला बालबालिका शाखा प्रमुख पुजा परियार र एकद्वार संकट व्यवस्थापन केन्द्र रामपुरका फोकल पर्सन सरस्वती पौडेलले गरेका थिए । उपप्रमुख बाल कुमारी थापाको अध्यक्षता, आर्थिक विकास समितिका संयोजक दुर्गा देवी भण्डारी गौतमको स्वागत, महिला बालबालिका शाखा प्रमुख पुजा परियारको सञ्चालनमा कार्यक्रम भएको थियो

## खेलकुद समाचार

### एकदिवसीय क्रिकेट शृङखला भारतलाई




**काठमाडौ,** मंसिर २१/दक्षिण अफ्रिकासँगको एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङखला भारतले २-१ ले जितेको छ । गएराति भएको तेस्रो तथा निर्णायक खेलमा घरेलु टोलीले दक्षिण अफ्रिकालाई ९ विकेटले पराजित गर्दै शृङ्ख्ला जितेको हो । दक्षिण अफ्रिकाले दिएको २ सय ७१ रनको लक्ष्य पछ्याएको भारतले ३९ ओभर ५ बलमै १ विकेट गुमाएर भेटायो । भारतका ओपनर यशस्वी जैसवालले अविजित १ सय १६ रनको शतकीय पारी खेले । दक्षिण अफ्रिकाका केशव महाराजले १ विकेट लिए । त्यसअघि विशाखापट्टनममा टस हारेर ब्याटिङ गरेको दक्षिण अफ्रिका ४७ ओभर ५ बलमा २ सय ७० रनमा अलआउट भयो । दक्षिण अफ्रिकाका क्विन्टन डे ककले १ सय ६ रनको शतकीय पारी खेले पनि टोलीलाई जिताउन सकेनन् । भारतका भारतका प्रसिद्ध कृष्णले ४ विकेट लिए । यसअघि यी दुई टोलीबीच भएको टेस्ट शृङखलामा दक्षिण अफ्रिकाले भारतलाई हराएको थियो । अब भारत र दक्षिण अफ्रिकाबीच ५ खेलको टी-२० शृङ्ख्ला आउँदो मंगलवारदेखि कटकमा शुरु हुनेछ ।

# नेल्टा...

...सम्मेलनमा आतिथ्य शाखा नेल्टा पाल्पाका अध्यक्ष कमलराज बस्यालले सञ्चालन गर्नुभएको विज्ञ छलफलमा नेल्टा लुम्बिनी अध्यक्ष गोपाल प्रसाद बस्याल, वरिष्ठ उपाध्यक्ष होमराज अड्का र नेल्टा नवलपरासीकी हिमा न्यौपानेले अंग्रजी भाषा शिक्षणमा एआईको न्यायसंगत उपयोग, नैतिक एवम् सुरक्षित प्रयोग र एआई र मानव क्रियाशीलताको सन्तुलित प्रयोगको आवश्यकतामा जोड दिए । प्रदेश अध्यक्ष गोपाल प्रसाद बस्यालको अध्यक्षता, आतिथ्य शाखा पाल्पाका अध्यक्ष कमलराज बस्यालको स्वागत, प्रदेश उपाध्यक्ष कृष्ण भट्टराईको धन्यवाद ज्ञापन, सचिव अच्युतराज नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिकको वर्ष ३१ अंक ९४,९६, ९८ मिति २०८२/७/१५, १७ र १९ गते चौथो पृष्ठमा कम्पनीको नाम परिवर्तन गरिएको सूचनामा श्री ए.एम. के. कन्स्ट्रक्सन एण्ड सप्लायर्सको मिति २०८२ /०५/१५, श्री एल.बि. अल्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिको मिति २०८२/०६/०७ र श्री घ्यूबेसी कन्स्ट्रक्सन एण्ड सप्लायर्सको मिति २०८२/०६/०५ गतेको निर्णय अनुसार हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबलको आइफोन १७ जित्ने योजना




**पाल्पा,** मंसिर २१/ग्लोबल आइएमई बैंकले आइफोन १७ जित्ने योजना सार्वजनिक गरेको छ । बैंकले मोबाइल बैंकिङ-ग्लोबल स्मार्ट प्लसबाट कम्तीमा तीनपटक फोनपे नेटवर्कमार्फत रकमान्तर गर्दा आइफोन १७ जित्न सकिने योजना ल्याएको हो । योजनाअन्तर्गत बैंकको मोबाइल बैंकिङ प्रयोगकर्तामध्ये कारोबार गर्ने दुई जना भाग्यशाली ग्राहकले आइफोन १७ जित्न सक्ने छन् ।

योजनाअनुसार मोबाइल बैंकिङ प्रयोगकर्ताले फोनपे डाइरेक्टमार्फत रकमान्तर गर्दाको भिडियो सामग्री आफ्नो सामाजिक सञ्जालमा राखेबापत हरेक दिन सामसुङ इयरबड जित्ने सक्ने बैंकले बताएको छ ।

योजना मंसिर १५ देखि पुस २५ सम्म लागू रहने बैंकले जनाएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेस्ट इन्टरनेट बैंक २०१६, बेस्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेस्ट इम्प्लोयरलगायत प्रतिष्ठित अवार्ड प्राप्त गरिसकेको छ ।


# स्वदेशी वस्तु प्रयोग गरौं ।

-स्वदेशी उत्पादनमा जोड दिऔं,
-स्वदेशी उत्पादनको प्रयोग गरौं,
-स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
-स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
-स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
-राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाऔं,
-स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
-उद्यमीको योगदानको कदर गरौं ।
स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई